का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ साउन २०७९,
सोमबार
18 July 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १६३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# खिन्न प्रचण्ड

उत्साहका साथ भारत भ्रमणमा गएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भारतीय प्रधानमन्त्री मोदीसँग भने भेट गर्न पाएनन् । भेट नपाएको किन ? भन्ने आफैलाई थाहा नभएको र भेट नभएकोमा कुनै गुनासो नरहेको भन्दै उनले खिन्नता प्रकट गरे ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १ साउन ।

सत्तारुढ घटक नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमणबाट फर्किएका छन् । भारत जाँदै गर्दा उत्साहका साथ जाँदैछु भनी सार्वजनिक अभिव्यक्ति दिएका प्रचण्डले भारत पुगेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग समेत भेट हुने बताएका थिए । तर, उनी भारतीय प्रधानमन्त्री मोदीसँग भेट नगरी स्वदेश फर्किए ।

आइतबार बिहान भाजपा अध्यक्ष जेपी नड्डासँग भेट गरेपछि त्यहींबाट स्वदेश फर्किए । उत्साहका साथ भारत भ्रमणमा गएका प्रचण्डले भारतीय प्रधानमन्त्री मोदीसँग भेट गर्न पाएनन् । भेट नपाएको किन ? भन्ने आफैलाई थाहा नभएको र भेट नभएकोमा कुनै गूनासो नरहेको भन्दै उनले खिन्नता प्रकट गरे ।

प्रचण्डलाई त्रिभुवन विमानस्थलमा पत्रकारहरुले सोधे, 'भारतीय प्रधानमन्त्रीसँग किन भेट भएन ?' जवाफमा उनले भाजपा अध्यक्ष जेपी नड्डाको निमन्त्रणामा भारत भ्रमणमा गएको र फर्किएको बताए । भारतीय प्रधानमन्त्रीसँगै भेट नहुनुको कारण आफुलाई समेत जानकारी नभएको नभएको जवाफ फर्काए । 'मोदीसँगको भेट क्यान्सिल किन भयो थाहा छैन,' प्रचण्डले भने ।

तथापि, आफ्नो भ्रमण सफल र फलदायी भएको उनको दाबी छ । प्रचण्डका अनुसार २०७२ सालमा संविधान घोषणाका गर्दा भारतसँग राम्रो सम्बन्ध थिएन । अहिले राम्रो कुराकानी भएको छ सबै पक्षमा । वर्तमान समस्या र समाधानका बारेमा पनि कुरा भएको छ । 'खुला कुराकानी भयो । राम्रो कुराकानी भयो । थिंक ट्यांकको कार्यक्रम थियो । सीमा सम्बन्धी समस्या, डुबानका समस्या, व्यापार घाटाका समस्याका कुराहरू भए । खाद्यान्नका, डुबानका विषयमा कुरा भए,' प्रचण्डले भनेका छन् । भ्रमणमा आफु धेरै आशावादी भएर आएको उल्लेख गर्दै उनले थपे, 'हामीले गरिरहेका कुराहरू केही सहज हुन्छ भन्ने लागेको छ । हामीले पनि उहाँहरूका पार्टीका नेताहरूलाई बोलाओस् भन्ने प्रस्ताव छ । यसले केही न केही सकारात्मक परिणाम दुई देशको सम्बन्धमा ल्याउँछ।' तत्काल देखिएका केही समस्याहरू पनि समाधानमा आउने उनको विश्वास छ। प्रचण्ड भन्छन्, 'मेरो भारत भ्रमणले केही प्रगति हुन्छ भन्ने विश्वासका साथ आएको छु।'

शासकीय स्वरुप बदल्ने प्रस्ताव

# संसदीय समितिमै अड्कियो

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ साउन ।



केही राजनीतिक दल र शीर्ष नेताले संविधान संशोधन मार्फत विद्यमान शासकीय स्वरुप परिमार्जन गर्नुपर्ने, निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने आवाज उठाउँदै आएका छन् । कार्यकारी राष्ट्रपति शासन स्थापना गर्नुपर्नेदेखि वर्तमान प्रदेश संरचना खारेज गर्नुपर्नेसम्मका फरक-फरक विचार संसदभित्र र बाहिर प्रकट भए। यसलाई औपचारिकता दिने प्रयास पनि भयो ।

एउटा उदाहरण-प्रतिनिधिसभा अन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समिति अन्तर्गत गठित एउटा उपसमितिले शासकीय स्वरुप परिमार्जन गर्नुपर्ने, निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने जस्ता विषयलाई प्रतिवेदनका रूपमा अगाडि ल्याएको थियो । राज्यको शासकीय स्वरुप र निर्वाचन प्रणाली बदल्ने लगायत प्रस्ताव सहितको प्रतिवेदन सदनमा जाने सकेन। अर्थात, संविधान संशोधनको औपचारिक प्रयास संसदीय समितिबाट हुन खोजेको थियो। तर, समितिमै रोकिएर अगाडि बढ्न सकेन।

प्रतिनिधिसभा अन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिमा सरकार र संसदको द्वन्द्व, संसदीय समितिका निर्देशनहरूको कार्यान्वयन, निर्वाचन प्रणाली, भ्रष्टाचार र सुशासन जस्ता विषयमा छलफल हुँदा बेलाबखत कतिपय सांसदहरूले शासकीय स्वरुप परिमार्जनको आवश्यकता औंल्याउँदै आएका थिए ।

यही विषयलाई राज्यव्यवस्था तथा सुशासन समिति अन्तर्गत गठित 'अखितयार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन अध्ययन उपसमिति'ले औपचारिक निष्कर्ष, सुझाव तथा सिफारिशका रूपमा लिपिबद्ध गरेको छ । उपसमितिले शासकीय स्वरूपमा परिमार्जन गर्नुपर्ने सुझावलाई प्रतिवेदनको रूपमा अगाडि ल्याएको छ ।

> निर्वाचन नजिकिँदै गर्दा दलहरूले शासकीय स्वरुप परिवर्तनको मुद्दालाई फेरि जोडतोडले उठाउन सक्छन् । तर, औपचारिकता पाउन खोजेको शासकीय स्वरुप बदल्ने प्रस्ताव भने मिनी संसदमै अड्किएको छ ।

नेकपा माओवादी केन्द्रकी सांसद रेखा शर्माको संयोजकत्वमा गठित संसदीय उपसमितिले भ्रष्टाचारको मुख्य जड शासकीय स्वरूप र निर्वाचन प्रणाली भएको निष्कर्ष निकालेको हो । उक्त उपसमितिले शासकीय स्वरूपमा परिमार्जन नगरी भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न नसकिने निष्कर्ष सुझाएको छ ।

उपसमितिले अध्ययन प्रतिवेदनको निष्कर्ष, सुझाव तथा सिफारिश खण्डको शुरूमै शासकीय स्वरूपमा परिमार्जन गर्नुपर्ने विषयलाई जोड दिएको छ । पछिल्लो समय निकै चलेको एउटा बहसलाई प्रतिवेदनमा कोट्याइएको छ- सरकार दलको सल्लाहमा चल्नुपर्छ कि संसदको निर्देशनमा वा सीधै जनताप्रति उत्तरदायी हुनुपर्छ ?

प्रतिवेदनमा भनिएको छ- 'सम्बन्धित दलले संसदीय दलको नेता चयन गरी प्रधानमन्त्री बनाउने हुनाले दलको सल्लाह र निर्देशनमा सरकार अगाडि बढ्नु उपयुक्त हुने भन्ने मत एकातिर रहेको पाइन्छ भने अर्कोतिर सरकार संसद मार्फत जनताप्रति उत्तरदायी हुनुपर्ने भएकाले स्वायत्त ढंगले चल्न पाउनुपर्छ भन्ने छ ।'

यी विभिन्न मत आपसी अविश्वास, बेमेल र वैमनस्यका बीच सरकार र सम्बन्धित दल तथा संसद र सरकारबीच सुमधुर सम्बन्ध विकसित र जनताको आधारभूत विषयमा सरकार केन्द्रित हुन नसकेको प्रतिवेदनको निष्कर्ष छ। बरु संसदलाई सरकारले नटेर्ने, संसदले सरकारलाई लगाम लगाउन नसक्ने र संसद सरकारकै छत्रछायाँमा परेको प्रतिवेदनको सार छ । यस्तो अवस्थाको अन्त्य गर्न हालको

– बाँकी पृष्ठ २ मा

जनार्दनमाथि छानविन

# मोटामोटी छलफल सकियो



अनाधिकृत व्यक्तिमार्फत करको दर हेरफेर गराएको भनी पश्न उठेपछि निवर्तमान अर्थमन्त्री जनार्दन शर्मा छानविनमा परेका छन् । उनी माथि छानविन गर्न गठित संसदीय विशेष छानविन समितिले मोटामोटी छलफल सकाएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ साउन ।

करको दर हेरफेरका सन्दर्भमा निवर्तमान अर्थमन्त्री जनार्दन शर्मामाथि छानविन गर्न गठित संसदीय वशेष छानविन समितिले मोटामोटी छलफल सकाएको छ । अब निचोड निकाल्नेतिर केन्द्रीत हुने समिति सदस्यहरुले बताएका छन् ।

अनाधिकृत व्यक्तिमार्फत करको दर हेरफेर गराएको भनी पश्न उठेपछि २२ असारमा प्रतिनिधिसभाले विशेष समिति गठन गरेको थियो । समितिलाई कार्य प्रारम्भ गरेको १० दिन भित्र प्रतिवेदन दिने कार्यादेश सभामुखले दिएका थिए । समितिले गत मंगलबारबाट मात्रै कार्यप्रारम्भ गरेको थियो। ६ दिनसम्म समितिले अर्थमन्त्रालयका बिभिन्न तहका कर्मचारीहरुसँग छलफल गरेको छ ।

छानविन समितिमा समितिमा सांसदहरु खगराज अधिकारी, देव गुरुङ, प्रदीप ज्ञवाली, भानुभक्त ढकाल, बिमला बिक, लक्ष्मणलाल कर्ण, शक्ति बस्नेत, सरला यादव, सीताराम महतो, मान बहादुर विश्वकर्मा र सुरेन्द्र यादव सदस्य रहेका छन्। मान बहादुर विश्वकर्मा समितिमा

– बाँकी पृष्ठ २ मा

# सेवा शुल्क बढाउनुपर्ने महानिर्देशकको धारणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन

वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले वैदेशिक रोजगार सुधारका धेरै मध्ये सेवा शुल्क परिमार्जनको विषयमाथि जोड दिएका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाले वर्तमान अवस्थामा कामदारबाट लिइने दश हजार सेवा शुल्कले कामदार, म्यानपावर व्यवसायी र सरकार नै ठगिएको आवाज उठाइरहेको अवस्थामा विभागका महानिर्देशक पौडेल पनि सेवा शुल्क परिमार्जन गरी समयसापेक्ष बनाउनु पर्ने निष्कर्षमा देखिएका छन् ।

गत शुक्रबार विभागमा आयोजित पत्रकार सम्मेलनमा महानिर्देशक पौडेलले सुधारका करिब एक दर्जन सुझाव सार्वजनिक गरे । २०७२ सालमा राज्यमन्त्री (मन्त्रीस्तर) को निर्णयमा नेपालमा फ्रि भिसा र फ्रि टिकटको निर्णय कार्यान्वयनमा आएको हो । त्यसपछि व्यवसायीहरूले लगातारस्पमा सेवा शुल्कमा परिमार्जनका लागि दबाब दिइरहेका छन् ।



नेपाल सरकारले मलेसियासँग श्रम सम्झौता गर्दा आधा महिनाको तलब बराबरको सेवा शुल्क पाउने प्रावधान राखिएको छ । त्यसमा असहमति राखेका व्यवसायीले सेवा शुल्क परिमार्जन नगरिए मलेसिया कामदार पठाउन नसकिने बताउँदै आएका छन् ।

सेवा शुल्क अव्यवहारिक भएको निवर्तमान श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ र वर्तमान श्रम सचिव एकनारायण अर्यालले स्वीकार गरेको विषय भएकोले त्यस विषयलाई तार्किक निष्कर्षमा पुऱ्याउनु पर्ने माग नेपाल वैदेशिक रोजगार व्यवसायीको छ ।

महानिर्देशक पौडेलले भने, 'सेवा शुल्क एक महिनाको तलब या ५० हजार रुपैयाँमध्ये जुन कम हुन्छ त्यो लिन उपयुक्त हुन्छ भन्ने मेरो व्यक्तिगत धारणा छ ।' यस्तै उनले एक लाख भन्दा बढी तलब पाइने कामहरुमा डिमाण्ड ल्याउँदा ५० हजार रुपैयाँ या तलबको आधामध्ये जुन कम हुन्छ त्यो लिन उपयुक्त हुने बताए ।

अहिले कार्यान्वयनमा आएको फ्रि भिसा फ्रि टिकट व्यवहारिकरुपमा कतिसम्म लागू भएको छ भन्ने कुरा प्रश्नको घेरामै छ भन्दै महानिर्देशक

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## श्रममन्त्रीद्वारा योगदानकर्ता सापटी निर्देशिका स्वीकृत

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले सामाजिक सुरक्षा कोषका योगदानकर्ता लक्षित 'योगदानकर्ता सापटी निर्देशिका २०७९' स्वीकृत गरेका छन् । मन्त्री कुँवरको निजी सचिवालयका अनुसार योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ को दफा ३२ को उपदफा (१) को खण्ड (ट) तथा नेपाल सरकारले स्वीकृत गरेको सामाजिक सुरक्षा कोष लगानी कार्यविधि २०७७ को व्यवस्था बमोजिम उक्त निर्देशिका तयार पारिएको हो ।

सामाजिक सुरक्षा कोषले तयार पारेको निर्देशिकामा 'योगदानकर्ता घर सापटी' अन्तर्गत नयाँ घर निर्माण, तला थप्नेदेखि संयुक्त आवासमा युनिट र घर खरिद गर्ने कार्यमा कोषले सापटी दिने व्यवस्था गरेको छ। निर्देशिकामा कम्तिमा ३६ महिना योगदान रकम जम्मा गरेका, उमेर र सेवा

– बाँकी पृष्ठ २ मा



लियो क्लब अफ तनहुँ सत्यवतीले आइतबार दमौलीमा गरेको मेहेन्दी कार्यक्रममा सहभागी महिलाहरु । साउन महिनामा मेहेन्दी र हरियो चुरा लगाउने प्रचलन छ । तस्वीरः कृष्ण न्यौपाने, रासस

# 'जनतालाई पायक पर्ने स्थानमै स्वास्थ्य सेवा उपलबध गराउन आवश्यक'

**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले जनतालाई पायक पर्ने स्थानमै स्वास्थ्य सेवा उपलब्ध गराउन सम्बन्धित सबै पक्षले ध्यान केन्द्रित गर्नुपर्ने बताएकी छन् । आइतबार काठमाडौंमा आयोजित त्रिवि चिकित्सा शास्त्र अध्ययन संस्थानको स्वर्ण जयन्ति समारोहलाई सम्वोधन गर्दै उनले रोगहरुको उपचार गर्न ठूला शहर, राजधानी र विदेश धाउनुपर्ने परिस्थितिको अन्त्य गरी जनतालाई सहज हुने स्थानमा स्वास्थ्य सेवाको आवश्यक व्यवस्था मिलाउन सम्बन्धित सबै पक्ष लाग्नुपर्ने बताएकी हुन् ।



राष्ट्रपति भण्डारीले मेडिकल शिक्षा र स्वास्थ्य सेवालाई जनताको आकांक्षा अनुसार व्यवस्था गर्न स्वदेशमा मेडिकल शिक्षाको प्रवर्द्धन गर्न अतिआवश्यक रहेको पनि बताइन्। संविधानले स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउने कुरालाई मौलिक हकको रुपमै व्यवस्था गरेको उल्लेख गर्दै राष्ट्रपति भण्डारीले सोही अनुसारको सेवा दिनका लागि राज्यले आवश्यक नीति, कार्यक्रम र योजना तर्जुमा गरी भौतिक एवम् संस्थागत पूर्वाधारको व्यवस्था गर्न ढिलाई गर्न नहुने स्पष्ट पारिन् ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङले कोरोना भाइरस संक्रमणमा केही बृद्धि भएपनि त्यसलाई नियन्त्रण गर्न सरकार सक्षम रहेको बताए । मन्त्री खापुङले कोरोनाविरुद्धको खोप लगाउन छुटेकाहरुलाई नजिकको स्वास्थ्य संस्थामा गई लगाउन पनि आग्रह गरे । मन्त्री खापुङले कोभिडका कारण एक जनाको पनि ज्यान जान नदिन सरकार सजग रहेको पटकपटक दोहोऱ्याए ।

# 'विश्वविद्यालयमा गरिने तालाबन्दी सधैंका लागि अन्त्य गरौं'

**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विश्वविद्यालयहरुमा गरिने तालाबन्दी सधैँका लागि अन्त्य गर्नुपर्ने बताए । पोखरा विश्वविद्यालयको रजत जयन्ती समारोह एवं स्थापना दिवसका अवसरमा आज पोखरामा आयोजित कार्यक्रममा उहाँले विश्वविद्यालयमा विभिन्न माग राखेर गरिने तालाबन्दीबाट शैक्षिक विकासमा अवरोध आउने भएकाले सोको अन्त्य गर्नुको विकल्प नभएको बताए ।



उनले भने, 'विश्वविद्यालयमा आफ्ना माग राख्दै तालाबन्दी गर्ने प्रचलन छ, यसबाट विद्यार्थी एवं विश्वविद्यालयको उन्नयन र विकासमा असर पर्छ, त्यसलाई वार्तामार्फत समाधान खोज्नुपर्दछ ।'

उच्च शिक्षाको स्तरबाट नै मुलुकको राजनीतिक र आर्थिक अवस्थाको पहिचान हुने भएकाले विश्वविद्यालय सुधारका लागि नेतृत्वकर्ताले सङ्कल्प गर्नुपर्नेमा उहाँले जोड दिए । मन्त्री पौडेलले देशका ११ वटा विश्वविद्यालयलाई नियमन गर्न एकीकृत छाता ऐनको तयारी भइरहेको समेत जानकारी दिए ।

उच्च शिक्षाका नाममा विदेश गएका विद्यार्थीमध्ये ९१ प्रतिशत विद्यार्थी रोजगारीका लागि त्यहाँ पुगेको उल्लेख गर्दै मन्त्री पौडेलले विश्वविद्यालयबाट उत्पादित जनशक्तिलाई रोजगारसँग जोड्न सके विदेश जाने प्रवृत्तिलाई कम गर्न सकिने औँल्याए । उनले प्रादेशिक राष्ट्रिय योजना आयोगसँग समन्वय र सहकार्य गर्दै गण्डकी प्रदेशको विकासमा आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी दक्ष जनशक्ति उत्पादन गर्ने गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

उनले शिक्षक तथा प्राध्यापकहरुले दार्शनिक, सैद्धान्तिक तथा राजनीतिक विचारधाराहरुलाई विश्वविद्यालय तथा उच्च शिक्षाको नीतिगत, संरचनागत र गुणस्तर सुधारका लागि सिर्जनात्मक बहसमा ल्याउनुपर्ने विद्यामान अवस्था रहेको बताए ।

कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्याल, पूर्वउपकुलपतिहरु प्राडा केशरजङ्ग बराल, प्राडा खगेन्द्रप्रसाद भट्टराई, प्राडा चिरञ्जीवीप्रसाद शर्मा, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मी, शिक्षासेवी अशोक पालिखे, पोखरा विश्वविद्यालयका पूर्वरजिष्ट्रार प्रकाशमान गुभाजु, विश्वविद्यालयका रजिष्ट्रार डा दीपकबहादुर भण्डारीलगायतले यस क्षेत्रको शैक्षिक विकासमा विश्वविद्यालयले उल्लेखनीय योगदान गरेको चर्चा गरे । कार्यक्रममा विश्वविद्यालयले प्रकाशन गरेको स्मारिका विमोचन गरिएको थियो। कार्यक्रममा पूर्वउपकुलपतिहरु, रजिष्ट्रार र विश्वविद्यालय स्थापनामा सहयोग गर्ने व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो ।

## सुवेदी जापानका लागि राजदूत नियुक्त



**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले डा. दुर्गाबहादुर सुवेदीलाई जापानका लागि नेपालको आवासीय राजदूतमा नियुक्त गरेकी छिन् ।

उनले नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा डा. सुवेदीलाई आइतबार राजदूतमा नियुक्त गरेकी हुन् । राष्ट्रपतिको कार्यालयका प्रवक्ता सागर आचार्यले एक विज्ञप्ति जारी गर्दै राजदूत नियुक्तिको जानकारी दिएका हुन् ।

### शासकीय...

शासकीय स्वरूप परिमार्जन गर्नुपर्ने उपसमितिको सुझाव छ। "हालको शासकीय स्वरूपमा परिमार्जन गरी सरकार र संसद दुवै स्वतन्त्र तबरले चल्ने शासकीय प्रणालीको स्थापना गरी सुशासनको प्रत्याभूत गर्न आवश्यक देखिन्छ' उपसमितिको प्रतिवेदनको सुझाव खण्डको ४.२.१ मा उल्लेख गरिएको छ ।

राज्यव्यवस्था समिति अन्तर्गत गठित उपसमितिले नेपालमा भ्रष्टाचार व्याप्त हुनु र सुशासन कायम हुन नसक्नुको अर्को कारण औंल्याएको छ- नेपालले अवलम्बन गरेको निर्वाचन प्रणाली । विद्यमान निर्वाचन प्रणाली एकदमै खर्चिलो भएका कारण अनेकन् विकृति देखा परेको उल्लेख गर्दै उपसमितिले प्रतिवेदन मार्फत सुझाएको छ- 'निर्वाचन पश्चात् महँगीका साथै भ्रष्टाचार समेत बढ्ने गरेकोले भ्रष्टाचार न्यूनीकरणका लागि खर्चिलो निर्वाचन प्रणालीमा पुनरावलोकन गर्ने '।'

निर्वाचन प्रणालीमा पुनरावलोकन गरी हरेक दलले निश्चित योग्यता र पारदर्शी मापदण्डका आधारमा दलका तहगत संरचनामा आधारित आन्तरिक निर्वाचनबाट छनोट गरेर मात्र प्रत्यक्ष तथा समानुपातिक निर्वाचनको लागि उम्मेदवार हुन पाउने व्यवस्था लागू गर्नुपर्ने उपसमितिको निष्कर्ष छ ।

एक जना व्यक्ति एउटा निर्वाचन क्षेत्रबाट बढीमा दुई पटकभन्दा बढी पटक उम्मेदवार हुन नपाउने प्रावधान समावेश गर्ने व्यवस्था सुझाइएको छ । त्यसैगरी प्रत्येक उम्मेदवारलाई चुनाव प्रयोजनका लागि 'स्टेट फन्डिङ'को व्यवस्था गर्न, पार्टी र उम्मेदवारको चुनावी खर्चलाई बैंकिङ प्रणालीमा लैजाने व्यवस्था गर्नुपर्ने उपसमितिको निष्कर्ष छ ।

यस्तै, 'नो भोट' र 'राइट टु रिकल' को व्यवस्था गर्न उपसमितिले सुझाएको छ । हाल यी दुवै व्यवस्थालाई नेपालले अंगीकार गरेको छैन । तर, यो दुवै नागरिकको अधिकार भएकाले सुनिश्चित गर्नुपर्ने उपसमितिको सुझाव छ ।

सरोकारवालाहरु संसदीय उपसमितिका यी सुझाव र निष्कर्षलाई संविधान संशोधनको 'ढोका' खोल्ने प्रयास भन्दछन् । प्रतिवेदनको रूपमा हाउसमा पेश भएर पास भएमा संविधान संशोधन गरे सरह हुने थियो । अथवा उपसमितिका सुझाव कार्यान्वयनका लागि संविधान संशोधन गर्नुपर्ने हुन्छ । उपसमितिको प्रतिवेदनलाई संविधान संशोधनको ढोका खोल्ने प्रयासका रूपमा व्याख्या गरियो पनि तर, अगाडि बढ्न सकेन ।

नेपालमा संविधान जारी भएपछि दुई पटक संशोधन भएको छ- पहिलोपटक मधेशकेन्द्रित दलहरूको माग सम्बोधन गर्न २०७४ सालमा स्थानीय तहको संख्या बढाउन र २०७६ सालमा कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको नयाँ नक्शा जारी गर्न । अन्यथा संविधान संशोधनको प्रक्रिया अघि बढेको छैन ।

### जनार्दनमाथि...

पछि मिसिएका सदस्य हुन् । सांसद पुष्पा भुसाल उपसभामुख निर्वाचित भएपछि उनको ठाउँमा विश्वकर्मा गएका हुन् ।

छानबिन समितिका सचिव सुरेन्द्र अर्यालका अनुसार आइतबार अर्थ मन्त्रालयका उच्च तह तथा अन्य विभिन्न तहका पदाधिकारीहरुसँग पनि सोधपुछ भयो । आइतबार नै सीसीटीभीसँग सम्बन्धित काम गर्ने आईटी इन्जिनियर र बजेट महाशाखा प्रमुखसँग पनि सोधपुछ भयो । उनका अनुसार भन्सार विभाग र आन्तरिक राजश्व विभागका महानिर्देशहरु र अर्थ मन्त्रालयमा राजश्व व्यवस्थापन महाशाखाका प्रमुख र उपसचिवहरुसँग सोधपुछ भएको थियो । नै काम भयो । आइतबार त्यसैको निरन्तरताको रुपमा अर्थ मन्त्रालयका प्रशासन महाशाखा प्रमुख र अर्थ मन्त्रालयको सीसीटीभीसँग सम्बन्धित काम गर्ने आईटीको इन्जिनियरसँग छलफल गरिएको हा । त्यसपछि बजेट महाशाखा प्रमुखसँग पनि छलफल भयो । राजश्व सचिवसँगको सोधपुछपछि अर्थमन्त्रालयका सचिवसँग छलफल गरेर अर्थ मन्त्रालयका पदाधिकारीहरुसँग छलफल सकाएको हो ।

अब समितिले आन्तरिक छलफल गर्ने तयारी गरेको छ । यसका लागि सोमबार बिहान साढे १० बजेका लागि बैठक बोलाइएको छ । समिति सदस्यहरुका अनुसार निवर्तमान अर्थमन्त्री शर्मालाई नै बोलाएर छलफल गर्ने कार्यसूची पनि छ ।

### सेवा ...

पौडेलले एकातिर कामदार स्वयं ठगिएको अर्कोतिर सरकारले पनि उचित कर प्राप्त गर्न नसकेको र व्यवसायीहरुले पनि खुलेर व्यवसाय गर्न नपाएको अवस्था रहेको बताए।

महानिर्देशक पौडेलले पछिल्लो पत्रकार सम्मेलनमा सेवा शुल्क परिमार्जनको महत्वलाई अगाडि ल्याएको अवस्थामा मन्त्रालयले आधा दशकभन्दा अगाडिदेखि बल्झिरहेको समस्याको निकास दिन पहल गर्नुपर्ने पनि व्यवसायीहरूको दृष्टिकोण छ ।

### श्रममन्त्रीद्वारा...

अवधिको आधारमा अवकाश हुन कम्तिमा दुई वर्ष बाँकी रहेका योगदानकर्तालाई सापटी प्रदान गरिने उल्लेख छ ।

घर सापटी धितोका आधारमा ७५ लाख रुपैयाँ पहिलो, योगदानकर्ताको १५ वर्षको तलब दोस्रो र तेस्रोमा योगदानकर्ता ६० वर्ष उमेर पुग्न बाँकी अवधिको तलब रहेका छन् ।

योगदानकर्ता शैक्षिक सापटीको व्यवस्था पनि निर्देशिकाले गरेको छ । कोषमा कम्तिमा ३६ महिना योगदान रकम जम्मा गरेका र उमेर वा सेवा अवधिको आधारमा अनिवार्य अवकास हुन कम्तिमा दुई वर्ष बाँकी रहेका योगदानकर्ताको हकमा शैक्षिक सापटीको व्यवस्था गरिएको छ ।

त्यस्तो सापटी योगदानकर्ता उनीहरूका पति, पत्नी, छोरा, छोरीलाई स्वदेश वा विदेशका शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययन प्रयोजनका लागि सापटी प्रदान गर्न सकिने उल्लेख छ । त्यस्तो रकम ३५ लाख रुपैयाँ वा सम्बन्धित शिक्षण संस्थामा लाग्ने वास्तविक खर्चमध्ये कम हुने रकम दिइने निर्देशिकामा उल्लेख छ ।

विद्यार्थीको भर्ना शुल्क, मासिक, परीक्षा, होस्टेल वा आवास खर्च, सम्बन्धित शिक्षण संस्थाले तोकेको अन्य शुल्क, शैक्षिक सामग्री खर्च, ट्राभल तथा बीमा खर्च उक्त सापटीमा रहने व्यवस्था गरिएको छ ।

कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले योगदानकर्ताले लिएको शैक्षिक सापटी चुक्ता गरेमा पुनः प्रदान गर्न सकिने जानकारी दिए ।


**प्रदेश सरकार**
**भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७९/०४/०२**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यको लागि मिति २०७९/०१/०५ को राष्ट्रिय दैनिक पत्रिका नेपाल समाचारपत्रमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार तोकीएको म्यादभित्र E-Bidding मार्फत प्राप्त बोलपत्रहरुको आर्थिक प्रस्ताव मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाताको सबैभन्दा कम कबोल अंक भएको र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही देखिन आएकाले स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स | योजनाको नाम | बोलपत्र न.(Contract ID) | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | Construction of Nauli Khola Motorable Bridge | IDO/GORKHA/NCB/BR/01/078-79) | M/S Suryodaya Construction Company Pvt.Ltd,Khusma-04, Parbat | 3,69,69,345.00 | |

**कार्यालय प्रमुख**
**पूर्वाधार विकास कार्यालय, गोरखा**



**कालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धैबुङ, रसुवा**
**बागमती प्रदेश, नेपाल**

**सेवा करारमा लिने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०४/०२)**

यस कालिका गाउँपालिकाको लागि देहाय बमोजिमका पदमा देहाय बमोजिमको संख्या र योग्यता भएका कर्मचारी खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** राजस्व तिरेको नगदी रसिदसहित आवेदन दिन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | सेवा करार गरिने पद | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | ०२/२०७९-८० | प्राविधिक सहायक | १(एक) | सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव**
   क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाणपत्र तह उत्तिर्ण वा सो सरह उत्तिर्ण गरेको ।
   ख. दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पूरा भै ४५ वर्ष ननाघेको
   ग. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम भएको ।
२. **दरखास्त दिने स्थानः-** कालिका गाउँ कार्यपालिकाको कार्यालय, धैबुङ, रसुवा ।
३. **आवेदन दिने अन्तिम मितिः-** २०७९/०४/१६ गते
४. **परीक्षा दस्तुरः** रु ५०० (पाँच सय मात्र)
५. **छनौटको किसिमः-** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।
६. **आवेदनका साथमा संलग्न कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरेको देहायका कागजातको प्रतिलिपिहरु
   क) नागरिकता
   ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग) चारित्रिक प्रमाणपत्र
   घ) कामसँग सम्बन्धित अनुभव भए सो को कागजात
   ङ) तालिमको प्रमाणपत्र
   च) २ प्रति फोटो

(पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा कम्तिमा ६ महिनाको काम गरेको अनुभव र पारस्परिक सम्बन्ध सम्बन्धी सीप भएकोलाई ग्राह्यता दिईनेछ ।)

७ **सेवा सुविधा र अन्यः-** स्थानीय तहमा रोजगार सहायक र प्राविधिक सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

**थप जानकारीका लागि कालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ । सम्पर्क नः ९८४१४८४६७९**



**यूएईमा रोजगारको अवसर** | कम्पनी : EAATIMAD SECURITY SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१५६० LT. No.: 265322 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cc Tv Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security | 8 | 2 | | 1200 | ४१,६६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ९ गते (25 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**LEADING AIM INTERNATIONAL PVT. LTD**
Basundhara-3, Kathmandu, Tel: 015904026
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np
Govt. Lic. No.: 1170/073/074



**साउदीमा रोजगार** | कम्पनी: KAMA'A FOOD SERVING COMPANY LTD.
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/०८ चलानी नं.: ६०१६९६३५ L.T. No.: 251752 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 2 | 0 | स. काममा दक्ष | 1500 | ५०,९४० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Worker | 8 | 0 | | 1200 | ४०,७५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ९ गते (25 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Crown Employment Consultant Pvt. Ltd.**
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Mob.: 9851128705, 9818547031, 9818520902, 9844117176
Email: crown1478@gmail.com/ www.crown.com .np
श्रम इजाजत नं. २३५/०५८/०५९



**10+2 ट्रान्सक्रिप्ट र CTEVT सर्टिफिकेट हरायो**

मिति २०७९/०३/१० गते नयाँ बानेश्वर देखि पुरानो बानेश्वरसम्म जाँदा मेरो निम्न ब्यहोरा भएको 10+2 को ट्रान्सक्रिप्ट र CTEVT सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

नामः प्रतिमा डाँगी
रजिष्ट्रेशन नं.: ३८५४२०/०७४
सिम्बोल नंः २१५२४/०७-०७५
सर्म्पक नं.: ९८६८१७०४८६

# काठमाडौँका सडक बालबालिकालाई भारत लगेर मिर्गौला बिक्रि !



**काठमाडौं/मस-** काठमाडौंको सडकपेटीमा बस्ने सडक बालबालिकाहरुलाई फकाएर भारतको कोलकाता पुऱ्याई मिर्गौला बिक्री गर्ने गरेको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ ।

मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी अपराधमा संलग्न एक समूहले सडकमा आश्रित मानवलाई प्रलोभनमा पारेर मिर्गौला बिक्री उद्योग गरेको पाइएको हो । उनीहरुलाई मनाउन सजिलो हुने भएकाले गिरोह सडक आश्रित मानवको अङ्ग बिक्री उद्योगमा लागेको प्रहरीले जनाएको छ ।

उनीहरुको योजना प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको टोलीले यसपटक असफल पारिदिएको छ । सडक बालबालिकालाई प्रलोभनमा पारी मिर्गौला बिक्रीका लागि भारत लैजाने दिनमै प्रहरीले उक्त योजना विफल बनाइ तीन जनालाई उद्धार गर्न सफल भएको छ ।

मिर्गौला बेचबिखन उद्योगमा संलग्न रहेको आरोपमा प्रहरीले रामेछापको मन्थली नगरपालिका-५ घर भई भक्तपुरको थिमी बस्ने २८ वर्षका हिमाल श्रेष्ठ भन्ने धनबहादुर रोका, गुल्मीको तम्घास घर भई काठमाडौँ महानगरपालिका-७ गौशाला बस्ने विजय कुँवर, दैलेख घर भई काठमाडौँको कालोपुल बस्ने भूपेन्द्र शाही र विमलबहादुर शाही तथा झापा घर भई भक्तपुर बस्ने आशिष तामाङलाई पक्राउ गरेको ब्यूरोका प्रहरी उपरीक्षक दानबहादुर मल्लले जानकारी दिए ।

उनीहरु सबै नेपालबाट मानिस भारतसम्म पुऱ्याउने समूहका हुन् । भारतबाट अर्को समूह परिचालन हुने गरेकाले सङ्गठितरुपमा मानव बेचबिखनमा संलग्न रहेको मल्लले जानकारी दिए । उक्त गिरोहले यसअघि नै तीन जनालाई भारत पुऱ्याइसकेको पाइएको र उनीहरुको अवस्था थाहा हुन सकेको छैन ।

उनका अनुसार आरोपी रोका र कुँवरले अन्य प्रतिवादीलाई परिचालन गरी काठमाडौँको सडकपेटीमा हिँड्ने व्यक्तिसँग चिनजान गरी प्रलोभनमा पारेर मिर्गौला बेचबिखन गर्न लगाउने गरेका थिए । उनीहरुले भारतको कोलकातामा गइ मिर्गौला बिक्री गर्दा रु पाँच लाख कमाइ हुने र रु ५० हजार पर्ने मोबाइल पनि पाइने भनी प्रलोभन दिएको खुल्न आएको छ ।

उनीहरुले सडक बालबालिकालाई मनाएर गत असार १५ गते मिर्गौला बिक्रीका लागि भारत लैजाने योजना बुनेका थिए । उक्त सूचना प्राप्त भएपछि व्युरोको टोलीले भूपेन्द्र शाही, विजय कुँवर र विमलबहादुर शाहीलाई पक्राउ गरेको थियो । उनीहरुको बयानका आधारमा रोका र छोटे भन्ने आशिष तामाङलाई असार २८ मा पक्राउ गरिएको हो ।

अनुसन्धानमा शाही र रोकाले यसअघि आफ्नै मिर्गौला बिक्री गरेको र त्यसपछि अन्य व्यक्तिको मिर्गौला खरिद बिक्रीमा अपराधमा संलग्न भएका हुन् ।

पक्राउ परेकामध्ये रोकाले मिर्गौला प्राप्त गर्ने व्यक्तिसँग मोलमोलाई गर्ने, ग्रहणकर्ताको आवश्यकताअनुसार मिर्गौला दाता खोज्न सहयोगी परिचालन गर्ने, पीडितलाई भारत लैजाने र मिर्गौला झिकेपछि नेपाल फर्काने कार्य गर्ने गरेको प्रहरीले दाबी छ ।

आरोपी कुँवरले रोकाको निर्देशनमा ग्रहणकर्ताको रक्त समूह यकीन गर्ने, पीडितलाई भारतसम्म लैजान सहयोग गर्ने गरेको खुलेको छ । यस्तै शाही र तामाङले भने मिर्गौला दाताको खोजी गर्ने, प्रलोभनमा पार्ने र सुरक्षितसाथ होटलमा राख्ने कार्य गर्ने गरका पाइएको छ ।

उनीहरुविरुद्ध मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अनुसार म्याद थप गरी कारवाही प्रक्रिय अघि बढाइएको ब्युरोले जानकारी दिएको छ ।

ब्युरोका अनुसार मुलुकमा आर्थिक वर्ष २०७८/७९ मा मानव बेचबिखनका १४२ मुद्दा दर्ता भएका छन् ।

उक्त मुद्दामा १७८ जनालाई पक्राउ गरी कारवाही चलाइएको छ । अहिलेसम्म बेचबिखन अपराधका १०९ आरोपी फरार छन् । ब्युरोका अनुसार विभिन्न क्षेत्रबाट ५० जनाको उद्धार गरिएको छ । प्राप्त विवरणअनुसार भारतबाट सबैभन्दा बढी १५ जनाको उद्धार गरिएको छ । यस्तै ओमान, कुवेत, श्रीलङ्का, इराकबाट एक/एक गरी १७ जनाको उद्धार गरेको जनाइएको छ ।

ब्युरोका अनुसार वैदेशिक रोजगारसम्बन्धीका सात मुद्दा दर्ता भई २१ अभियुक्तमध्ये आठ जनालाई पक्राउ गरिएको छ । प्रहरीको वैदेशिक रोजगार विभाग शाखाका प्रहरी नायब उपरीक्षक नवराज मल्लले वैदेशिक रोजगारीको नाममा मानव बेचबिखन बढ्दो रहेकाले यसतर्फ पनि प्रहरीले निगरानी बढाएको जानकारी दिए ।

उनले पैसा नउठ्ने डरले पीडितहरु भने मुद्दा दर्ता गर्न डराउने गरेको पनि जानकारी दिए । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अनुसार किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लगेमा तथा प्रचलित कानुनबमोजिमबाहेक मानिसको अङ्ग झिकेमा मानव बेचबिखन गरेको मानिने उल्लेख छ । कुनै प्रकारको फाइदा लिई वा नलिइ वेश्यावृत्तिमा लगाउनेलाई दशदेखि १५ वर्षसम्म कैद र रु ५० हजारदेखि एक लाखसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

यस्तै मानव बेचबिखनका लागि विदेश लैजानेलाई दश वर्षदेखि १५ वर्ष कैद र रु ५० हजारदेखि एक लाखसम्म जरिवानाको व्यवस्था छ । मानव बेचबिखन वा ओसार पसारको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दाको हुने सजायको आधा सजाय हुने व्यवस्था छ ।

# पुनर्निर्माणको अभावमा स्वास्थ्य चौकी भवन जिर्ण



**दिपक बाबू साउद/मध्यान्ह**
दार्चुला, १ साउन

दार्चुलाको लेकम गाउँपालिका वडा नं. २ गराडीमा रहेको उपस्वास्थ्य चौकी भवन जिर्ण बन्दै भएको छ । वडा नम्बर २ गराडीका स्थानीय वीर सिंह कार्कीले भवन निर्माणको तीन दशक बितिसकेको र अहिले जिर्ण बन्दै गएको बताए ।

स्वास्थ्य चौकीको नयाँ भवन निर्माण भएसँगै पुरानो भवन ओझेलमा परेको कार्कीको भनाइ छ । स्थानीय लोकेन्द्र सिंह कार्कीले पुरानो भवन पुनर्निर्माण हुनुपर्ने वा उक्त भवनमा रहेको काठका सामग्री, ढुङ्गा लगायतको उचित सदुपयोग गर्न सकेको खण्डमा सार्वजनिक सम्पत्तिको सदुपयोग हुने बताए । तत्कालिन अवस्थामा औषधीको उचित भण्डारणका लागि रेफ्रिजेटर प्रबन्धनका लागि गाउँविकास समितिबाट पहल चालिएता पनि विविध कारणले सञ्चालनमा आउन सकेको थिएन । रेफ्रिजेटर सञ्चालनका लागि पावर सप्लाई गर्न सौर्य प्रणाली पनि जडान गरिएको थियो । उक्त स्वास्थ्य चौकी भवन नत तत्काल सर्ने देखिन्छ, नत यसमा भएका सैर्यपाताहरु सञ्चालनमा ल्याइएको छ । अहिले सैर्य पाताहरु बेवारेसे भएको देखिन्छ । स्वास्थ्य चौकीसँगै रहेको शौचालयको छतमा स्थान्तरण गरिएको छ । यसबारे स्वास्थ्य चौकी व्यवस्थापन समिति अध्यक्ष एवं लेकम गाउँपालिका वडा नम्बर २ का वडा अध्यक्ष शिव राज जोसीलाई बुझ्दा यसबारे छिट्टै पहल थालिको बताए ।

## सूचना

**प्रकाशित मितिः २०७९।०४।०२**



जिल्ला झापा कनकाई नगरपालिका वडा नं. ७ बस्ने श्री खड्गध्वज लिम्बूको नाती, श्री अम्बरबहादुर लिम्बूको छोरा भारतीय सैनिक श्री धनपाल लिम्बूको एक मात्र श्रीमति जिल्ला पाँचथर फिदिम नगरपालिका वडा नं. १३ बस्ने श्री रत्नध्वज नेम्वाङ्गको नातिनी, मणिश्वर नेम्वाङ्गको छोरी पर्मिला लिम्बू कन्दङवाको नाम श्रीमानको भारतीय दस्तावेजमा प्रमिला नेम्बाङ्ग लेखिएको साथै जन्म मिति समेत ई.सं १९६२, पेन्सन पेमेन्ट अर्डर (PPO) मा ई.सं. १९९२/०७/१३ मा ३० वर्ष उल्लेख भई नेपाली नागरिक्ता अनुसार फरक परेकोले फरक नामथर साथै जन्म मिति उल्लेख भएको व्यक्ति अलग अलग नभई एउटै भएको हुँदा सोही अनुसार सर्वसाधारणमा जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**नामः धनपाल लिम्बू, आर्मी नम्बर ०९४१४९५९,**
**पदः नायक, पल्टन नं.११ जी.आर.**

## बर्जु गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**अमाहिवेल्हा, सुनसरी**
**१ नं.प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।०४।०२ गते**

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम ८४ बमोजिम यस बर्जु गाउँपालिकाले विभिन्न वडाहरुमा दैनिक/साप्ताहिकरुपमा लाग्ने तपसिल बमोजिमका हटियाहरुको आगामी आ.व. २०७९/८० को हाट बजार पसल कर उठाउने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले उल्लेखित शर्तको अधिनमा रहि तोकिएको मितिभित्र न्युनतम वार्षिक ठेक्का अंकमा नघटाई गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | हटिया लाग्ने बार | हटिया लाग्ने स्थान | न्यूनतम वार्षिक ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | धरौटी रकम रु. (स्वदेशी फर्मको हकमा) | हटियाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १-०७९/८० | मंगलबार, शुक्रबार | १ नं. वडाको रामगञ्ज बेलगछिया | रु.१५०००।० (एक लाख पँचास हजार मात्र) | रु.७५००।०० | साप्ताहिक | |
| २ | २-०७९/८० | बुधबार, शनिवार | २ नं. वडाको वनरवा घाट | रु.५००००।० (पँचास हजार मात्र) | रु.२५००।०० | साप्ताहिक | |
| ३ | ३-०७९/८० | आईतबार, बिहीबार | ३ नं. वडाको टेङग्रा खोलाको किनार | रु.५००००।० (पँचास हजार मात्र) | रु.२५००।०० | साप्ताहिक | |
| ४ | ४-०७९/८० | मंगलबार, शुक्रबार | ४ नं. वडाको अमडुवा | रु.५१०००।० (एकाउन्न हजार मात्र) | रु.२५५०।०० | साप्ताहिक | |
| ५ | ५-०७९/८० | हप्ताभरी | ५ नं. वडाको अमाहिबेल्हा मिलन चोक | रु.५१०००।० (एकाउन्न हजार मात्र ) | रु.२५५०।०० | दैनिक | |
| ६ | ६-०७९/८० | हप्ताभरी | ६ नं. वडा अन्तर्गत: चिमडीको रविहाट, चिमडीको राजाजी मन्दिर, चिमडीको जानकी चौक, चिमडी राजाजी मन्दिर दैता, चिमडी बजार | रु.५०००००।० (पाँच लाख मात्र) | रु.२५०००।० | साप्ताहिक | |

***नोटः विदेशी फर्मको हकमा धरौटी वापतको रकम माथि उल्लेखित रकमभन्दा दोब्बर बुझाउनु पर्नेछ ।***

**सूचनाको शर्तहरू**

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले पन्ध्रौं (१५) दिनसम्म नगदै रु.१०००।- अक्षरेपी एकहजार रुपैया मात्र बुझाई खरिद गरी लिनुपर्ने छ ।
२. खरिद भएको दरभाउपत्र सम्बन्धी कागजात सोह्रौं (१६) दिन दिनको १२:०० बजे सम्म बर्जु गाउँपालिकामा दर्ता गरि सक्नु पर्नेछ ।
३. शिलबन्दी दरभाउपत्र फारम साथ फर्मको हकमा फर्म ईजाजतपत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबांट प्राप्त मु.अ.कर दर्ताको प्रतिलिपी र आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
४. दरभाउपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरि उल्लेख गरेको हुनु पर्ने छ । अंक प्रष्ट नभएमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएमा टिपेक्स लगाउन पाईने छैन । दरभाउपत्र दाताले केरमेट भएको दुवै तर्फ दस्तखत गरेको हुनु पर्ने छ ।
५. धरौटी वापतको रकम यस गाउँपालिकाको धरौटी खाता-हि.नं.२४३CA५००१७६२८००५ एन.आई.सि.एसिया बैंक, ईनरुवा शाखामा नगद जम्मा गरि सक्कलै बैंक भौचर दरभाउपत्रसाथ संलग्न राखी पेश गर्नु पर्ने छ ।
६. पेश हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशन भएको सोह्रौं (१६) औं दिनमा दिनको २.०० बजे दरभाउपत्र दाता तथा प्रतिनिधिको रोहबरमा यस गाउँपालिकामा खोलिने छ । दरभाउपत्र दाता अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्नलाई कुनै बाधा हुने छैन । सबै भन्दा बढी ठेक्का अंक सकार गर्ने दरभाउपत्र दाताका रितपूर्वकको दरभाउपत्र स्वीकृत गरिने छ ।
७. दरभाउपत्र स्विकृत भए पश्चात कबुलियतनामा गरि तोकिएको दर रेट अनुसार ठेकेदार स्वयंले कर उठाउने रसिद छपाई गरि गाउँपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नुपर्ने छ ।
८. माथि उल्लेख गरिएको कुराहरु बाहेक अन्य शर्त तथा कुराहरु प्रचलित ऐन नियममा तोकिए बमोजिम हुने छ ।
९. ठेकेदारले आफुले कबोल गरेको रकम एकमुष्ट बुझाउने ठेकेदारलाई १०% प्रतिशतसम्म छुट दिन सकिने छ ।
१०. नेपाल सरकार तथा स्थानिय तहको पेश्की फर्छ्यौट नगरेको तिर्न बाँकी रहेको व्यक्ति, फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गरिने छैन ।
११. दरभाउपत्र सम्बन्धमा थप कुराहरु बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस गाउँपालिकामा सम्पर्क राखी बुझ्न सकिने छ ।
१२. कुनै कारणबाट दरभाउपत्र खोल्ने मिति र समयमा दरभाउपत्र खोल्न सकिएन भने त्यसको भोलि पल्ट कार्यालय समयमा दरभाउपत्रदाता तथा प्रतिनिधीहरुको रोहवरमा खोलिने छ ।
१३. दरभाउपत्र दाताले जुन हटियाको लागि दरभाउपत्र पेश गर्न चाहेको हो सोको सम्बन्धित कोठामा आफुले कवोल गर्ने अंक उल्लेख गर्नु पर्ने छ । पुरै हटियाको ठेक्का लिन चाहने ठेकेदारले भने दरभाउपत्रको सबै कोठा (कोलम) मा आफुले कवोल गरी सकार गर्न चाहेको अंक उल्लेख गर्नु पर्ने छ ।
१४. दरभाउपत्र सम्बन्धमा सम्पुर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## साउदीमा रोजगार
कम्पनीः MERAS INDIVIDUALS COMPANY FOR HUMAN RESOURCES
शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३३६७ LT. No.: 267368

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५०,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ९ गते (25 July 2022) मा हुनेछ ।

RAPID INTERNATIONAL PVT.LTD.
Seto Pool, Ram Mandir Marg, Maitidevi Kathmandu, Nepal .
फोन नं: ४४६५८७७, ४५८८९१२

## SAUDI मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : ABDUL KARIM ABDULAZIZ AL SUDAIS SONS TRANSPORT CO. शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०४/०१ चलानी नं.: ६०१८३३८९ LT. No.:267287

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६१,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : JAWHARAT AL DAR COMPANY FOR REAL ESTATE DEVELOPMENT AND INVESTMENT शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०३/३० चलानी नं.: ६०१८३२३३ LT. No.:267288

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ९ गते (25 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

PALIV INTERNATIONAL PVT. LTD.
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845,9865544261, URL: www.palivinternational.com

मध्यान्ह
www.madhyanhadaily.com
२ साउन २०७९, सोमबार
18 July 2022, Monday

सम्पादकीय

## निषेधको राजनीति

यसपटकको स्थानीय चुनावले राष्ट्रिय राजनीतिमै केही महत्वपूर्ण सन्देश दिएको छ । नेपालको संविधान-२०७२ जारी भएपछि दोस्रोपटक भएको स्थानीय चुनावको परिणामले मुलुकको नेतृत्व गरिरहेका दलहरूलाई चिन्तित बनायो । विशेषगरी राजधानी उपत्यका रहेको काठमाडौं महानगर र तुलनात्मक शिक्षित मतदाता मानिने धरान उपमहानगरले गैरदलीय उम्मेद्वारलाई मेयर निर्वाचित गरे । काठमाडौंमा बालेन्द्र शाह (बालेन) र धरानमा हर्क साम्पाङ मेयर निर्वाचित भए भने धनगढी उपमहानगरपालिकामा गोपाल हमालले गैरदलीय उम्मेद्वारी दिएर मेयर जिते । स्वतन्त्र उम्मेद्वारी दिएर १३ स्थानीय तहको प्रमुख निर्वाचित भए । बलियो संगठन र राजनीतिक विरासत बोकेका दलहरूका उम्मेद्वार पराजित हुनेगरी परिणाम आउनुले शीर्ष नेताहरूको दावी खण्डित भयो । किनकि शीर्ष नेताहरूले दलीय व्यवस्थामा स्वतन्त्र उम्मेद्वारले चुनाव जित्न नसक्ने बताउने गरेका थिए ।

तर यसपटक अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चासो राख्नेगरी स्थानीय चुनावको परिणाम आएको छ । सँगै, दोस्रोपटक जनप्रतिनिधि चयन भएकाले यसपटक अलग अनुभूति हुनेगरी काम हुने अपेक्षा समेत गरिएको छ । किनकि अघिल्लो पटक स्थानीय तहको चुनावबाट जनप्रतिनिधि निर्वाचित भइरहँदा भौतिक संरचना, कानूनी जटिलता र मनोवैज्ञानिक समस्या थियो । पहिलोपटक स्थानीय सरकार बनेकाले आमनागरिक र कर्मचारीमा समेत केन्द्रीकृत मानसिकता बदलिन समय लागेको थियो । अझ सरकारी कर्मचारी स्थानीय सरकार भन्दा सिंहदरबार केन्द्रीत हुँदा जनप्रतिनिधिले अपेक्षा बमोजिम काम गर्न सकेका थिएनन् । दोस्रोपटक निर्वाचित जनप्रतिनिधिले भने नयाँ शासन व्यवस्थाको आभास नागरिकलाई दिने अपेक्षा गर्न सकिन्छ ।

संघीयताको उच्चतम अभ्यास समेत स्थानीय सरकार भएकाले जनप्रतिनिधिहरूले लिने निर्णय संविधान कार्यान्वयनसँग समेत जोडिन्छ । तर जनप्रतिनिधि आएको दुई महिना नबित्दै देखिएका कतिपय निर्णयले भने स्थानीय सरकार पनि जनताको हुन नसकेर दलीय स्वार्थमै सीमित हुने आशंका बढेको छ । किनकि अधिकांश जनप्रतिनिधिको प्राथमिकता अघिल्ला जनप्रतिनिधिले नियुक्त गरेका कर्मचारी हटाउनु देखिएको छ । ती कर्मचारी आफू आवद्ध दलकै कार्यकर्ता हुन सक्ने सम्भावना बलियो छ, तर सिंहदरबारबाट कर्मचारी गाउँ जान नमानिरहेका बेला ती कर्मचारीको नियुक्ति आफैमा महत्वपूर्ण थियो । तर अहिले फरक दलमा आवद्ध राखेकै भरमा करारका कर्मचारी हटाएर आफ्ना कार्यकर्ता भर्ती गर्ने मनसाय जनप्रतिनिधिहरूमा देखिएको छ । यसले नागरिकको सेवा र विकासको जग हाल्नुपर्ने स्थानीय सरकारलाई जनप्रतिनिधिले दलीयकरण गर्नतिर लागेको प्रष्ट संकेत दिन्छ, जुन कार्य संविधानको भावना होइन । विधिको सर्वोच्च होइन, जनप्रतिनिधिहरूमा मौलाएको मनमौजी प्रवृत्ति हो ।

# राजनीतिमा युवा

*पछिल्लो समय युवा-युवाबिच खुट्टा तान्ने प्रवृत्ति परिवर्तनकारी राजनीतिका लागि घातक बनेको छ । पार्टीका ठूला नेताहरू राजनीतिक अपराधीकरण, नीतिगत भ्रष्टाचार र आर्थिक अपचलनको बाटो गरेरै भए पनि टिकिरहने कुप्रथाको प्रभाव युवाहरूमा सोझै परेको देखिन्छ । जुन प्रभावले 'बा' पुज्ने, 'दाइ' पुज्ने प्रवृत्ति मौलाएको छ भने इमानदार युवाहरूको बिच टकराब भएको छ ।*

अग्रलेख



● सुरेश भट्ट 'आश्रिन'



विश्वका राजनेता भनेर चिनिने नेल्शन मण्डेलाले भन्ने गर्थे, "युवालाई काम र वृद्ध-वृद्धालाई आराम ।" हामी विश्वका दार्शनिक व्यक्तित्व र सफल नेताहरूको बारे चर्चा-परिचर्चा गर्न खप्पिस छौं तर, उनीहरूको दर्शन, सिद्धान्त र युक्तिहरूलाई व्यवहारमा अनुसरण गर्दैनौं, किन ?

अलि अलि जागरण चेत भएका युवाहरूमा समेत व्यवहारिक दर्शन शून्य प्रायः छ । अब युवा कसलाई भन्ने प्रश्न उठ्न सक्छ । युवा भनेको विश्वभर १६ वर्षदेखि ४० वर्षबिचको उमेरका मानिसलाई युवा भनिन्छ । यो बुझाइमा हाम्रो पनि युवा त्यही त्यही युवा हो, तर व्यवहारमा भने अन्य देशका युवाहरूको र हाम्रो देशको युवामा धेरै अन्तरको भिन्नता रहेको पाइन्छ । सामान्य अर्थमा भन्नुपर्दा, व्यक्तिलाई उमेरका आधारमा गरिने पहिचान वा बाल्यावस्था पार गरिसकेका र प्रौढ अवस्थामा पुगी नसकेका समूहका व्यक्तिलाई युवा भनिन्छ । युवा त्यो उमेर समूह हो जसमा राष्ट्रको भविष्य, वर्तमानका साझेदार तथा समृद्धिको अग्र संवाहक बन्ने सामर्थ्य लुकेको हुन्छ । तर दुई दार्शनिक कार्ल मार्क्स र विश्वेश्वरप्रसाद कोइरालाको बुझाई यस्तो छ । दार्शनिक कार्ल मार्क्सले भनेका छन् - युवा भनेको त्यो हो, जसलाई उमेरले छेक्दैन । तर उसको विचार अग्रगामी र युवामैत्री हुनुपर्दछ । त्यसै गरी समाजवादी दार्शनिक विश्वेश्वरप्रसाद कोइरालाले पनि युवाको बारे भनेका छन्- युवा भनेको उमेरभन्दा पनि शारीरिक रूपमा तन्दुरुस्त, मानसिकरूपमा स्फूर्त र सामाजिक रूपमा इमानदार र राजनीतिकरूपमा स्पष्ट । अन्ततोगत्वा सारभूतरूपमा यी सबै मानकहरू र बुझाइले उमेरले युवा भएर होस् या पाको भएर होस् उसँग चेतनाहरूको विकास छैन भने राजनीतिक र सामाजिकरूपमा उसले आफूलाई प्रस्तुत नगरेकै राम्रो भन्ने बुझिन्छ ।

विश्व समाजको विविधताअनुसार अन्तर्राष्ट्रिय सम्बन्ध, संगठनहरू र विश्व भूमण्डलीकरणले गर्दा कतिपय व्यवहार र नियममा युवाबारे एकरूपता छ भन्न सकिन्छ । यद्यपि पछिल्लो समय नेपालका युवाहरूले सामाजिक र राजनीतिकरूपमा लिने फितलो निर्णयले युवा उ चेतका पक्षसँग बढी बहस जोड्न थालिएको छ, अझ भन्ने हो भने युवाहरूको नेतृत्वमा गरिएको आन्दोलनको सफलता र असफलतासँग गाँसिएका युवाका मुद्दाहरूलाई युवा विषयक सवालहरूमा विश्वका सरकार तथा सरोकारवालालाई सचेत तथा जागरूक गराउने कामसँग पनि जोडिएको छ । नेपालको राजनीतिमा भने युवापुस्ताले नेपालमा प्रायः कहिल्यै अवसर पाएको छैन । भनेर हामी कहिल्यै थाक्दैनौं । भन्नलाई त हामी भन्ने गर्छौं, के अहिलेका नेताहरूको विकल्प दिन युवाहरू तयार छन् ?

आसन्न प्रतिनिधि सभा निर्वाचनमार्फत राजनीतिको केन्द्रमा पनि युवाहरूले धेरै तरक्की गर्न सक्छन् भन्ने कुरा केही समय अघि नेपाली कांग्रेसको महाधिवेशनमा महामन्त्री पदका उम्मेदवार दिएका गगन थापाले पार्टीको आन्तरिक चुनाव जित्न फलामको चिउरा चपाउनु सरह भएको एउटा सन्दर्भमा भनेका थिए- आफ्नो पार्टीको महाअधिवेशनबाट नेतृत्व चयन गर्दा युवा नेतृत्व आवश्यक छ । यो भनेपछि सबैले हो, अगाडि बढ्नुस् भने, मैले उम्मेदवारी पनि दिएँ तर, बिडम्बना, रत्नपार्कमा एक्लै मैले भोट माग्नु पर्‍यो, अगाडि बढ्नुस् भन्नेहरू सहयोग त के देखिन पनि चाहेनन् । गगन थापाको यो भनाई युवा राजनीतिकर्मीले निकै गम्भीरतापूर्वक लिनुपर्ने कुरा हो । आसन्न प्रतिनिधि सभाको निर्वाचनमा स्वतन्त्र तर्फबाट उम्मेदवारी दिएका पुकार बम, रञ्जु दर्शना, डा. प्रणय शमशेर राणा र कर्मा लामा तामाङहरू जस्तै देशैभरि उम्मेदवार दिएकाहरू मौजाद ठूला पार्टीहरूका विकल्प हुन् भन्ने कुरा दृष्टिगत हुन्छ । तर युवा नेतृत्वमा युवाहरूमा के कमी छ, भन्ने सत्य गगन थापाको भनाइबाट स्पष्ट हुन्छ, जसका कारण युवा नेतृत्वको राजनीति अघिल्लो निर्वाचनहरूमा सफलता उन्मुख भएको छैन । आउँदो प्रतिनिधि सभा निर्वाचनमा पनि त्यही नहोला भन्न सकिन्न । किन पत्याउँदैनन् युवालाई आफ्नै पार्टीले र स्वतन्त्र युवा नेतृत्वलाई युवाले ? यो टड्कारो प्रश्न हो ।

